सार्बजनिक शेयर आन्दोलन घोषणा पत्र !!!

झन्डै नेपालको ग्राहस्थ उत्पादनको बराबरी पुगेको शेयर बजारमा पब्लिक कम्पनिहरुले ३०% सार्बजनिक शेयर जारी गरेको सबै तीन करोड नेपालीको आबेदन दिने अधिकार हो। आबेदन दिने अधिकार ब्यबस्थित नहुँदा ९३ प्रतिशत जनता बन्चित हुन गएका छन् । शेयर पाउनेहरु बाग्मती प्रदेशका २८ जनाले मौका पाउँदा कर्णाली प्रदेशका ५ जनाले मात्र पाएका छन्। सार्बजनिक शेयरको ब्यबस्थित तरिकाले नगरिंदा धेरैले रु ४० हजार गुमाउनु परेको छन् भन्ने भाग्यशालिले रु ३ लाख ३१ हजार पाएका छन्।

२०७८ श्रावण महिनाको शेयर बाँडफाँटमा मात्र रु४१७ नोक्शानी बेहर्नु परेको छ जुन ४ वटा परिवार सदस्य भए रु१,६६८ हुन्छ । जुन सरकार दिन सफल भएको बिद्युत शुल्क मासिक १० युनिटको रु३० का दरले बार्षिक रु३६० मात्र हुन्छ ।

सार्बजनिक शेयर निष्काशन (IPO} र बाँडफाँटको छिटो सुधारको लागि सार्बजनिक शेयर निष्काशन आन्दोलन अपिहार्य छ सो को लागि तल उल्लेखित १२ बुंदे माग राखी शेयर निष्काशन आन्दोलन घोषणा गरिएको छ ।

नेपाल धितोपत्र बोर्ड:

१ - नेपाल राष्ट्र बैंक, बाणिज्य बैंकहरु, क्यापिटल मार्केट कम्पनिहरु तथा ७५३ स्थानीय सरकारको सम्युक्त प्रयाशमा एक महिना भित्र सबै तीन करोड नेपालीको डीम्याट खाता तथा मेरो शेयर निशुल्क खोलिन सक्ने व्यवस्था मिलाईयोस !!

२ - कमसेकम ९५ प्रतशित नेपालीलाई आईपीओ शेयर साक्षरता तथा दक्षता नहुँदासम्म,९० प्रतिशत नेपालीहरुको डीम्याट खाता तथा मेरो शेयर खाता नहुँदासम्म तथा स्थानीय सरकारले शेयर निबेदन दिने ब्यबस्था नगर्दासम्मको लागि नेपाल धितोपत्र बोर्डले सार्बजनिक शेयर निष्काशन (आईपिओ) प्रक्रिया बन्द गरियोस!! उल्लेखित ३ ब्यबधानहरुको निराकरण गर्न सक्रिय योगदान समेत गरियोस!!

३ - सार्बजनिक कम्पनिहरुले देखावटी रुपमा मात्र शेयर सार्बजनिक गरेका हुँदा सम्पूर्ण नेपाली पब्लिक कम्पनि शेयरहरु पारदर्शी तरिकाले पुरानो गल्ति सुधार्न सार्बजनिक शेयरमा सामेल हुने ब्यबस्थाको लागि पुन: सबैले शेयर निबेदन दिने सहज ब्यबस्था सहित ३० प्रतिशत नबढ्ने गरि

CONFIDENTIAL

सबै कम्पनीहरुले थप शेयर सार्बजनिक यस आर्थिक बर्ष २०७८/७९ भित्र गरियोस !!! पहिले गरेको कथित सार्बजनिक शेयर प्रोमोटर शेयर नै हो भन्ने मान्यता दीइयोस !!

४ - पब्लिक कम्पनीका तीन समुहकाले हरेक देश बिदेशमा रहेका सम्पुर्ण नेपालीहरुले ४०-४० शेयर प्रति शेयर रु१००/= मा नै पाउने गरि यसै आर्थिक बर्ष भित्र तीनै समूहले तल उल्लेख गरे अनुसार सुधारिएको सार्बजनिक शेयर जारी गरियोस !!

क) शेयर बजारमा अग्रहनि बाणिज्य बैंक समुहले सबै नेपालीले २०-२० शेयर पाउने गरि ६० करोड शेयर

ख) बीमा कम्पनि सहित अन्य बित्त कम्पनि समूहले सबै नेपालीले १०-१० शेयर पाउने गरि ३० करोड शेयर

ग) बैंक तथा बित्त समूहबाहेक होटेल जल बिद्युत उधोग व्यपार समूहले सबै नेपालीले १०-१० शेयर पाउने गरि ३० करोड शेयर

५ - यस आर्थिक बर्ष २०७८/७९ मा र आगामी जारी हुने शेयरमा १-२ बर्षमा कम सेकम १० कित्ता आईपिओ शेयर सार्बजनिक सम्पतिको समुचित बितरण हिस्सा पाउने नीतिगत ब्यबस्था १५ दिन भित्र नेपाल धितोपत्र बोर्डले गरियोस!!

नेपाल राष्ट्र बैंक:

६ - नेपाल अधिराज्य भरिका नेपालिहरुलाई नेपालीको डीम्याट खाता तथा मेरो शेयर खाता संचालन गर्न आबश्यक बैंक खाताको ब्यबस्था गरि डीम्याट खाता तथा मेरो शेयर खाता दुई महिना भित्र खोल्ने ब्यबस्था गरीयोस् !!!

७ - मेरो शेयर अनलाइनबाट निबेदन लिंदा कुनै निकायको कुनै अतिरिक्त खर्च लाग्दैन। शेयर निबेदन सेवा शुल्क रु २०-४० प्रति निबेदन लिइने गरिएको छ। यस्ता खाले शुल्क खारेज खारेज गरियोस!!

८ - सबै देश तथा बिदेशमा रहेका एक पटक नेपाली समेत तीन करोड नेपालीको बृत खाता खोलेर बार्षिक आयको १% देखि २% आफ्नै बृत खातामा आफै संचालन गर्ने गरि बृत खाता ब्यबस्था भई तीन महिना भित्र सबैले आफ्नो बृत खातामा जम्मा गर्ने गरियोस!!

CONFIDENTIAL

नेपालका सरकारहरु:

९ - स्थानीय सरकारले आफ्ना वडाका जनताको लागि सार्बजनिक शेयर निष्काशन को समयमा शेयर निबेदन निशुल्क भर्ने ब्यबस्था गरियोस!! सार्बजनिक शेयर साक्षरता एक महिना भित्र गराउने गरियोस !!

१० - शेयर खरिद गर्नको लागि तथा समबन्धित खर्चको लागि आबश्यक पर्ने हुँदा स्थानीय सरकारले शेयरमा लगानी गर्न रु१,००० स्थानीय सरकारले बिशेष आर्थिक बिकाश अनुदान, प्रदेश सरकारले शेयर सम्बन्धि खर्चको लागि रु५०० अनि संघीय सरकारले अर्को रु१,००० ऋण अनुदान गरि रु२,५०० सबै नेपालीको खातामा डीम्याट र मेरो शेयर खोलेको अर्को एक महिना भित्र सिधै जम्मा हुने ब्यबस्था तीनै स्थानीय, प्रदेश तथा संघिय सरकारले एक महिना भित्र गरियोस!!

नेपालका राजनीतक दलहरु:

११ - नेपालका राजनीतक दलहरुले ४० बर्ष देखि सार्बजनिक शेयर लगानीमा विभिन्न बहानामा बन्चित भएका ९३% जनतालाई सार्बजनिक शेयर लगानी प्रत्याभूति गर्ने दुई हप्ता भित्र नीतिगत सिधान्त पारित गरि सबै परिवार सदस्यलाई बजार मूल्य रु २९,८०५ को ४०-४० शेयर दिलाउने गरि सार्बजनिक शेयर आन्दोलनमा सहभागी गराइयोस् !!

१२ - पार्टी कार्यकर्ताहरुले यस मार्ग तथा पुस महिनामा हुने अधिबेशनमा जाने पार्टी प्रतिनिधिलाई सार्बजनिक शेयर आन्दोलन कार्यकर्ताहरुको चाहना,आबश्यकता र जन आवाज हो भनि संदेश सहित पठाओस् !! महाधिबेशनमा सार्बजनिक शेयर आन्दोलन सफल पार्ने घोषणा नगराए कार्यकर्ताहरुले ति प्रतिनिधिलाई कार्यबाही गरियोस्!!

एकबहादुर क्षत्री

Marg 8, 2078

Contact: Facebook ID Aek bahadur Kshatry

CONFIDENTIAL